नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन २४ गते २०३४ साल

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

श्री ५ को सरकारले मिति २०३४।३।१३ को निर्णयानुसार खण्ड २६ मिति २०३३।१२।१९ अतिरिक्ताङ्क ४८ (क) को नेपाल राजपत्र भाग ४ मा प्रकाशित कोशी टप्पुको खड्ग निशानाले पाएको जग्गा दर्ता गर्न उच्चस्तरीय आयोग गठनसम्बन्धी यस मन्त्रालयको सूचनामा देहायबमोजिमको कार्य र म्याद थप गरिएको छ।

(क) सुनसरी जिल्लाको खड्ग निशानाले पाएको कोशी टप्पुको ६६ प्लट क्षेत्रको जग्गा र त्यसको बीच बीचको गौचर जग्गा, ऐलानी जग्गा र कोशी नदीको धारले छोडी उकास भएका जग्गा, प्रल्हाद सिंदुरे मोहोरिया सिमानाभित्र मनमाया ओझाले रैती बन्दोबस्त गराउने गरी हाल आवादीमा पाएको जग्गा, देवकुमारीले पाएको १०० विगहा कुश वित्तर्ता जग्गा समेत प्लट सरहको कार्यविधि अपनाई दर्ता गर्ने र समस्या समाधान गर्ने।

(ख) आयोगको कार्यविधि समाप्त भएको मितिले अर्को २ (दुई) महीनाको म्याद थप गरिएको छ।

आज्ञाले–

नारायणविक्रम शाह

श्री ५ को सरकारको का. मु. सचिव

(२५)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

342

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।